# बैठक नं.९४

आज मिति २०७८ जेष्ठ १६ गते आईतबार दिनको ३:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री सीता परियार | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, का.वा अध्यक्ष वडा न. ७ | श्री भुना परियार | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, लेखा अधिकृत | श्री मित्र प्रसाद घिमिरे | |
| २३ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

निर्णय नं.१

मिति २०७८ जेष्ठ ०४ मा बसेको यस नगरकार्यपालिकाको ९३ औं बैठकले दैनिक रुपमा ५०-६० वटासम्म ठूला अक्सिजन सिलिण्डर भरिने गरी अक्सिजन उत्पादन क्षमता भएको अक्सिजन प्लान्ट (Oxygen Plant) यस नगरपालिका स्थित कीर्तिपुर अस्पतालमा आपूर्ती तथा जडान गर्ने ७ दिने सार्वजनिक सूचना प्रकाशन गरी खरिद गर्ने निर्णयानुसार मिति २०७८ जेष्ठ ११ गते सूचना आह्वान भएको तर हाल यस नगरपालिकामा कोभिड-१९को विरामी अत्याधिक वृद्धि भई उपचार हुन नसकी ज्यान गुमाउनेको संख्या बृद्धि भैरहेकोले उक्त अक्सिजन प्लान्ट को स्पेक(Spec) बमोजिम विरामी थेग्न नसक्ने अवस्था विद्यमान रहेको सन्दर्भमा उक्त सूचना रद्द गरी कम्तीमा प्रतिदिन १०० सिलिण्डर भरिने गरी अक्सिजन उत्पादन क्षमता भएको अक्सिजन प्लान्ट (Oxygen Plant) विपदको यो विशेष परिस्थितिमा सिघ्र व्यवस्थापन गरी जनधनको क्षति न्यूनिकरण गर्ने अभिप्रायले बढीमा ३ दिनको सार्वजनिक सूचनाद्वारा दररेट माग गरी वार्ताविधीबाट खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं.२

सञ्चालित पेशाकर्मीहरुको खुल्ला चौतारी कार्यक्रम यस नगरपालिकाको सातौं नगरसभाले पनि निरन्तरता दिने निर्णय अनुरुप २०७७ चैत्र महिनाको पहिलो हप्ता सम्म नियमित सञ्चालन भएकोमा सम्पूर्ण सञ्चालक टोलीलाई धन्यबाद ज्ञापन गर्ने निर्णय गरियो र यस आ.व २०७७ श्रावन महिना देखि संचालन भएका सम्पूर्ण कार्यक्रमको हकमा सञ्चालक टोलीका सम्पूर्ण सदस्यहरुलाई कार्यक्रम तयारी बैठक बापत रु.१०००।- र कार्यक्रम सञ्चालन दिनको रु.१०००।- का दरले प्रति हप्ता रु.२०००।- का दरले उपलब्ध गराउने र खाजा, सञ्चार बापत प्रति सदस्य प्रति महिना रु.५००/- तथा प्रति महिना ५ लिटर पेट्रोल (ईन्धन) उपलब्ध गराउने निर्णय गरियो ।